# लैगिंक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिबेदन

२०८२

पौष

# सुनकोशी गाउँपालिका


गाउँ कार्यपालिकाको कार्यालय

पाङ्ग्रेटार, सिन्धुपाल्चोक

नेपाल

## विषयसूची


१ पृष्ठभुमि ........................................ 1

१.१ लैससास परिक्षण सम्बन्धि कानुनी व्यवस्था ........................................ 1

१.२ लैससास परिक्षणको औचित्यता तथा अध्ययनको महत्व ........................................ 2

१.३ लैससास परिक्षणका उदेश्यहरु ........................................ 4

१.४ लैससास परिक्षणले समेट्ने क्षेत्रहरु ........................................ 6

१.५ लैससास परिक्षणका बिधि र तरिका ........................................ 6

१.६ लैससास परिक्षणका बिधि तथा औजारहरु ........................................ 9

१.७ गाँउ पालिकाको परिचय ........................................ 9

१.८ लैससास परिक्षणबाट प्राप्त उपलब्धिहरु ........................................ 1

१.८.१ लैससास सम्बन्धि सवल पक्ष कमजोर पक्ष अवसर र चुनौति (SWOT) बिश्लेषण ........ 1

१.८.२ लैससास सुचकको अभ्यास तथा समुह छलफलबाट प्राप्त नतिजा ........................................ 1

१.८.३ गत वर्ष र यस वर्षको नतिजामा तुलना ........................................ 2

१.८.४ लैससास सुचकको माकुरी जालो बाट नतिजा बिष्लेषण ........................................ 4

१.८.५ लैससास परिक्षणबाट प्राप्त नतिजा (स्तम्भचित्र) ........................................ 5

१.८.६ लैससास परिक्षणमा दस्तावेज अध्ययन पश्चात प्राप्त नतिजा : ........................................ 7

१.९ लैगिंक समानता तथा सामाजिक समाबेशीकरण विकास कार्ययोजना ........................................ 1

१.१० निश्कर्ष तथा सुझावहरु ........................................ 1

२ अनुसुचिहरु ........................................ 4

अनुसूची २.१: मुल्याङ्कन फारम र नतिजा ........................................ 1

अनुसूची २.२: कार्यक्रमका फोटोहरु ........................................ 17

अनुसूची २.३: सहभागि उपस्थिति विवरण

## १ पृष्ठभुमि

नेपालको संविधानले निर्देश गरेबमोजिम सहभागितामूलक लोकतान्त्रिक प्रणालीमार्फत समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्नु राज्यका सबै तहका सरकारहरूको आधारभूत दायित्व हो । यस लक्ष्यलाई हासिल गर्न तीनै तहका सरकारका नीति, योजना, संरचना, प्रणाली तथा सेवा प्रवाहका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) लाई मूलप्रवाहीकरण र संस्थागत गर्नु अपरिहार्य मानिन्छ । संविधानले महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अन्य पछाडि पारिएका समुदायका अधिकार सुनिश्चित गर्दै समान पहुँच, समान अवसर र समान लाभको व्यवस्था गरेको छ । यसै संवैधानिक मर्मलाई व्यवहारमा उतार्न संघीय, प्रदेश तथा स्थानीय सरकारले आफ्ना कार्यक्रम र बजेटलाई लैससास-संवेदनशील बनाउँदै लैजानुपर्ने आवश्यकता स्पष्ट रूपमा देखिन्छ ।

सुनकोशी गाउँपालिकाको सामाजिक-आर्थिक र जनसांख्यिक अवस्थाले समेत लैससासलाई संस्थागत गर्नुपर्ने आवश्यकता थप प्रष्ट पार्दछ। गाउँपालिकामा महिलाको संख्या पुरुषभन्दा बढी भए तापनि साक्षरता, सीप विकास, रोजगारी, सम्पत्ति स्वामित्व र निर्णय प्रक्रियामा महिलाको पहुँच कमजोर रहेको देखिन्छ । वैदेशिक रोजगारीका कारण गाउँमा महिला, बालबालिका र जेष्ठ नागरिकको अनुपात बढ्दो छ, जसले उनीहरूका विशेष आवश्यकता सम्बोधन गर्न लक्षित हस्तक्षेपको माग गर्दछ। साथै, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायहरू अझै पनि शिक्षा, स्वास्थ्य, रोजगारी, सार्वजनिक सेवा र पूर्वाधारमा समान पहुँचबाट वञ्चित रहने अवस्था रहेको छ । घरेलु हिंसा, लैङ्गिक विभेद, जातीय विभेद (छुवाछुत), अपाङ्गमैत्री संरचनाको अभाव तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि सुरक्षित र सम्मानजनक सार्वजनिक सेवा नहुनुजस्ता चुनौतीहरू स्थानीय तहमा विद्यमान छन् ।

समावेशी दृष्टिकोणबाट सुशासनमा योगदान पुऱ्याउने कुनै पनि प्रयास कर्तव्य, उत्तरदायित्व र निष्ठाको संस्कृतिबाट सुरु हुन्छ । यस सन्दर्भमा, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (लैससास परीक्षण) राज्यद्वारा प्रतिबद्धता जनाई स्वीकृत गरिएको एक महत्वपूर्ण प्रक्रिया हो, जसले नीति, योजना, बजेट र कार्यक्रमहरू कति हदसम्म लैङ्गिक र समावेशी दृष्टिले उत्तरदायी छन् भन्ने कुरा मूल्याङ्कन गर्न सहयोग गर्दछ । संविधान तथा राष्ट्रिय नीतिहरूले लैङ्गिक समानता, महिला सशक्तीकरण र समावेशी विकासलाई प्राथमिकता दिएको तथा बजेट अनुगमनका उपकरणका रूपमा लैङ्गिक उत्तरदायी बजेट र

लैससास परीक्षणको व्यवस्था गरे तापनि स्रोत-साधनको सीमितता, प्राविधिक क्षमताको कमी र विषयप्रतिको अपर्याप्त संवेदनशीलताका कारण धेरै स्थानीय तहमा यसको प्रभावकारी प्रयोग हुन सकेको छैन ।

यस्तो अवस्थाबीच सुनकोशी गाउँपालिकाले भने विगत तीन वर्षदेखि आफ्ना नीति, योजना, कार्यक्रम र बजेटमा लैससास परीक्षणको निरन्तर अभ्यास गर्दै आइरहेको छ । गाउँपालिकाले सुशासन, संरचना, विकास प्रक्रिया र सेवा प्रवाहलाई थप समावेशी बनाउन यस परीक्षणलाई संस्थागत गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। यस अभ्यासको विश्वसनीय आधार भनेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा नमुना कार्यविधिका रूपमा प्रस्तावित लैससास परीक्षण कार्यविधि अनुरूप परीक्षण प्रक्रिया अवलम्बन गर्नु हो । यसले गाउँपालिकाका योजना तथा बजेट कति हदसम्म महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री र सीमान्तकृत समुदायमैत्री छन् भन्ने कुरा वस्तुगत रूपमा पहिचान गर्न मद्दत पुऱ्याउँछ ।

यस पृष्ठभूमिमा, सुनकोशी गाउँपालिकामा गरिएको लैससास परीक्षणले स्थानीय त हको नीति, संस्थागत संरचना, प्रतिनिधित्व, बजेट विनियोजन, सेवा प्रवाह र कार्यक्रम कार्यान्वयनको वास्तविक अवस्था उजागर गर्नुका साथै, विद्यमान कमजोरी पहिचान गरी सुधारका लागि मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ । यस प्रक्रियामार्फत गाउँपालिकाले समावेशी, समानतामूलक र उत्तरदायी स्थानीय शासनतर्फ अघि बढ्ने आधार तयार गर्ने लक्ष्य लिएको छ ।

## १.१ लैससास परिक्षण सम्बन्धि कानुनी ब्यवस्था

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गर्दै विविधताबीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावको संरक्षण तथा प्रवर्द्धन गर्ने संकल्प गरिएको छ । साथै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक र लैङ्गिक विभेद तथा सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। संविधानको धारा १८ ले समानताको हक, धारा ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक तथा धारा ५१ (ज) ले सामाजिक न्याय र समावेशीकरणसम्बन्धी राज्यका नीतिको व्यवस्था गरेको छ । त्यस्तै, धारा ५२ ले राज्यले अवलम्बन

गर्नुपर्ने नीति तथा दायित्वको स्पष्ट व्यवस्था गरेको छ, जसले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई राज्यको प्राथमिक दायित्वका रूपमा स्थापित गर्दछ ।

नेपालमा सरकारी तहबाट महिला तथा पछाडि पारिएका वर्ग र समुदायलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास सुनिश्चित गर्ने उद्देश्यले लैससासससम्बन्धी नीति तथा कार्यक्रमहरूलाई स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रयासहरू हुँदै आएका छन् । यसै सन्दर्भमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ जारी गरिएको छ भने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गाउँपालिका/नगरपालिका सामाजिक समावेशीकरण नीति, २०७८ (नमूना) तर्जुमा गरिएको छ । यी नीतिगत व्यवस्थाहरूले राज्यका सबै संरचनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्न स्पष्ट मार्गदर्शन प्रदान गर्दछन् ।

अन्तर्राष्ट्रिय तहमा समेत नेपाल संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा सन् २०१६ देखि २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरूमा प्रतिबद्ध रहेको छ । दिगो विकास लक्ष्यहरूले हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता र समानताको प्रत्याभूति गर्दै भोक, गरिबी र असमानताको अन्त्य, शिक्षित र स्वस्थ जीवनयापन तथा मर्यादित जीवनस्तर सुनिश्चित गर्ने परिकल्पना गरेका छन् । यी लक्ष्यहरूले विशेष गरी गरिबीको रेखामुनि रहेका बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा दलित, आदिवासी, जनजातिजस्ता पछाडि पारिएका समुदायहरूको आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्य राखेका छन् । "कोही पनि पछाडि नछुटून्" भन्ने मूल सिद्धान्तका आधारमा चरम गरिबी अन्त्य, असमानता न्यूनीकरण र विभेदविरुद्धको संघर्षलाई दिगो विकास लक्ष्यहरूले अंगिकार गरेका छन् ।

राष्ट्रिय योजनागत रूपमा सोह्रौँ योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) को आधारपत्रमा लैङ्गिक समानता तथा महिला सशक्तीकरण, बालबालिका तथा किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक सुरक्षा तथा संरक्षण र समावेशीकरण जस्ता विषयहरूलाई छुट्टै शीर्षकका रूपमा समेटिएको छ, जसले यी विषयहरूलाई राष्ट्रिय विकासको केन्द्रीय एजेण्डाका रूपमा स्थापित गरेको देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले स्थानीय सरकारले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक, मध्यकालीन तथा दीर्घकालीन योजना बनाउँदा लैङ्गिक तथा

सामाजिक समावेशीकरणसम्बन्धी अन्तरसम्बन्धित विषयहरूलाई अनिवार्य रूपमा ध्यान दिनुपर्ने व्यवस्था गरेको छ। यसले स्थानीय तहका नीति, योजना र कार्यक्रमहरूलाई लैससास-संवेदनशील बनाउन कानुनी आधार प्रदान गरेको छ।

यस सुनकोशी गाउँपालिकाको सन्दर्भमा, पालिकाले "लैङ्गिकमैत्री तथा समावेशी गाउँपालिका" बनाउने दीर्घकालीन परिकल्पना अनुरूप समुदायमा पछाडि पारिएका वा पारिन पुगेका महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, एकल महिला तथा हिंसा पीडित व्यक्तिहरूलाई समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा प्रभावकारी भूमिका सुनिश्चित गर्ने लक्ष्य लिएको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमार्फत सबै नागरिकले आत्मसम्मानको अनुभूति गर्ने वातावरण सिर्जना गर्न तथा गाउँपालिकाबाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरूलाई मूलप्रवाहीकरणको माध्यमबाट लैससासमैत्री बनाउने उद्देश्यका साथ पालिकाले आवश्यक कदमहरू अघि बढाएको छ। यही प्रतिबद्धताको निरन्तरताका रूपमा सुनकोशी गाउँपालिकाले आफ्नो प्रगतिका रूपमा आर्थिक वर्ष २०८१/८२ को लैससास परीक्षण कार्य सम्पन्न गरेको छ।

## १.२ लैससास परिक्षणको औचित्यता तथा अध्ययनको महत्व

सुनकोशी गाउँपालिकाले महिला, जनजाति, आदिवासी, दलित तथा सामाजिक, आर्थिक रूपमा पछाडि परेका वर्ग र समुदायको सार्थक सहभागिता अभिवृद्धि गर्दै विकास प्रक्रियालाई समावेशी र संस्थागत बनाउने पक्षमा विशेष जोड दिँदै आएको छ। गाउँपालिकाको क्षेत्रभित्र उपलब्ध साधन-स्रोतहरूको परिचालन, बाँडफाँड, कार्यान्वयन तथा त्यसबाट प्राप्त प्रतिफलको समान उपभोग सुनिश्चित गर्न लैससास परीक्षणलाई महत्वपूर्ण उपकरणका रूपमा लिइएको छ। यस परीक्षणको मूल उद्देश्य विकास प्रक्रियामा विद्यमान असमानता न्यूनीकरण गर्दै सामाजिक समानता स्थापित गर्नु हो।

संस्थागत कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउन संस्थाभित्रको लैङ्गिक अवस्थाको पहिचान गर्नु तथा योजनाबद्ध रूपमा लैङ्गिक उत्तरदायी विकास प्रक्रियालाई संस्थागत गर्नु आवश्यक देखिएकाले लैससास परीक्षण अवलम्बन गरिएको हो। लैससास परीक्षण प्रक्रिया आफैंमा एक सहभागितामूलक स्व-मूल्याङ्कन भएकाले यसले कर्मचारी तथा पदाधिकारीहरूको व्यक्तिगत तथा संस्थागत व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन, लैससासका क्षेत्रमा काम गर्न प्रेरित गर्न र लैङ्गिक उत्तरदायित्वप्रति सचेत गराउन महत्वपूर्ण भूमिका खेल्दछ। यस प्रक्रियाले स्थानीय तहमा लैङ्गिक मूलप्रवाहीकरण र महिला

सशक्तीकरणसम्बन्धी कार्यक्रमहरूको प्रभावकारिता बढाउनुका साथै संस्थागत अपनत्व र प्रतिबद्धताको भावना सुदृढ गर्न पनि सहयोग पुऱ्याउँछ ।

लैससास परीक्षणमार्फत कार्यक्रम तथा बजेटको समालोचनात्मक विश्लेषण गरी आगामी वर्षका नीति, योजना, कार्यक्रम तथा बजेटलाई लैससासको दृष्टिकोणबाट पुनः परिमार्जन र प्राथमिकता निर्धारण गर्न सहयोग पुग्दछ। यसले लक्षित समूहका लागि आवश्यक बजेट विनियोजन सुनिश्चित गर्न र स्रोत साधनको न्यायोचित वितरण गर्न समेत आधार प्रदान गर्दछ ।

यस सन्दर्भमा लैससास परीक्षणको महत्व विशेष रूपमा निम्न पक्षहरूसँग सम्बन्धित देखिन्छ ।

क. संविधानद्वारा प्रदत्त मौलिक हकहरूको प्रभावकारी कार्यान्वयन गर्न तथा पालिकास्तरमा समानुपातिक र समावेशी सिद्धान्तका आधारमा महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेसी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग लगायत सबै समुदायको सहभागिता सुनिश्चित गर्न विद्यमान अवस्थाको वस्तुगत मूल्याङ्कन गर्नु आवश्यक हुन्छ। सामाजिक विविधताबीच विद्यमान असमानता, सामाजिक बहिष्करणका कारण विकास सूचकहरूमा देखिएको कमजोर अवस्था तथा सामाजिक, आर्थिक र प्रशासनिक क्षेत्रमा पहुँचमा रहेको अन्तर पहिचान गरी त्यसलाई न्यून गर्ने उपायहरू खोज्न लैससास परीक्षण उपयोगी हुन्छ ।

ख. नेपाल सरकारले लैससास मुद्दालाई नीतिगत तथा कानुनी सुधारमार्फत प्राथमिकताका साथ अघि बढाइरहेको सन्दर्भमा सुनकोशी गाउँपालिकाले पनि यस विषयलाई उच्च प्राथमिकतामा राख्नु अपरिहार्य छ । गाउँपालिकाले लैससासको अवधारणालाई आफ्ना नीति, योजना, कार्यक्रम र बजेटमा मूलप्रवाहीकरण गर्नुपर्ने देखिन्छ, र यसको सुनिश्चितताका लागि पालिकाले निरन्तर रूपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सञ्चालन गर्नु आवश्यक छ ।

### १.३ लैससास परिक्षणका उदेश्यहरु

लैससास परिक्षणको मुख्य उद्देश्य सुनकोशी गाउँपालिकाले गर्ने सम्पुर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक स्रोतको सुनिश्चितता, समतामुलक वितरण तथा उपयोगी बनाउने रहेको छ। यसका अन्य विशिष्ट उद्देश्यहरु यस प्रकार रहेका छन ।

१) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सिमान्तकृत समुहहरुलाई समाबेशी गरी, लैङिगक समानता

र सबै जातजातीको अर्थपूर्ण सहभागिता गराई लैङिगक अन्तर र यसको (Gender Gaps) प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

२) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

३) पालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास कार्यन्वयन भए नभएको लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने साथै यसकार्यलाई संस्थागत गर्दै लैजाने ।

४) सामाजिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थामा आएको अन्तर र यसमा रहेको सुधार अवस्थाको विश्लेषण गर्ने ।

५) लैससास परिक्षणको नतिजाका आधारमा समस्या तथा चुनौतीहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत सुझाव दिने ।

## १.४ लैससास परिक्षणले समेट्ने क्षेत्रहरु

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको परिक्षणको दिग्दर्शन २०७७ मा संस्थागत लेखाजोखाको लागि प्रयोग गरिने सूचकको रुपमा नीति, कानून, योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व गरी पाँचबटा शीर्षकहरु भित्र विभिन्न २२ वटा उपशीर्षकहरू राखिएका छन् । तसर्थ यस सुनकोशी गाउँपालिकाले पनि यिनै ५ वटा मुल शिर्षक र २२ उप शिर्षकमा रहेर लैससास परिक्षण गरिएको छ जुन निम्नानुसार रहेका छन ।

### १.नीति, कानुन तथा योजना

१.१ नीति कानुनमा समाबेशिता, सहभागिता

१.२ योजना तर्जुमा तथा कार्यान्वयन

१.३ बजेट तर्जुमा तथा कार्यान्वयन

### २. संस्थातग व्यवस्था

२.१ कर्मचारी पदाधीकारी प्रतिनिधीत्व

२.२ कार्यप्रणाली समाबेशी

२.३ समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व

२.४ वित्त व्यवस्थापन प्रणालीमा समावेशीता

२.५ तथ्याङ्क संकलन तथा व्यवस्थापन

**३. मानव संसाधन तथा क्षमता विकास**

३.१ मानव संसाधन तथा क्षमता विकास

३.२ अनौपचारीक मुल्य, मान्यता र कुसंस्कार विरुद्द जनचेतना

३.३ कानुनी साक्षरता

३.४ विपद व्यवस्थापनमा समावेशिता

**४. सेवा प्रवाह**

४.१ पुर्वाधार विकास

४.२ प्रजनन् स्वास्थ्य

४.३ शिक्षा कार्यक्रम

४.४ खानेपानी तथा सरसफाई

४.५ स्वारोजगार तथा आय आर्जन र बजार व्यवस्थापन

**५. सुशासन तथा उत्तरदायीत्व**

५.१ सुशासन

५.२ उत्तरदायीत्व र जवाफदेहिता

५.३ सुचना तथा संचार

५.४ अनुगमन तथा मुल्याङ्कन

## १.५ लैससास परिक्षणका बिधि र तरिका

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७७ ले निर्दिष्ट गरेको प्रक्रिया र मापदण्डअनुसार सुनकोशी गाउँपालिकामा लैससास परीक्षण चरणबद्ध रूपमा सम्पन्न गरिएको हो । यस परीक्षणको उद्देश्य पालिकाको नीति, संरचना, प्रणाली, सेवा प्रवाह र सुशासनका पक्षहरूलाई

लैससासको दृष्टिकोणबाट स्व-लेखाजोखा गरी विद्यमान अवस्था पहिचान गर्नु तथा सुधारका क्षेत्र निर्धारण गर्नु रहेको छ ।

### १.५.१ कार्यदल गठन तथा प्रारम्भिक तयारी

मिति २०८१ पौष २४ गते सुनकोशी गाउँपालिका कार्यालयमा गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा बैठक बसि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी पालिकामा भएका कानून, नीति, रणनीति, निर्णय, व्यवस्था तथा कार्यक्रमहरूको डेक्स रिभ्यू (Desk Review) गर्ने उद्देश्यले कार्यदल गठन गर्ने निर्णय गरिएको थियो। सो निर्णयअनुसार उपाध्यक्षको संयोजकत्वमा जेसि (लैससास) सम्बन्धी डेक्स रिभ्यू गर्ने कार्यदल गठन गरियो । साथै, लैससास कार्यान्वयन समितिको बैठक बसेर परीक्षण प्रक्रियामा सहभागी हुने व्यक्ति तोक्ने तथा कार्यशाला गोष्ठी सञ्चालन गर्ने निर्णय गरिएको थियो ।

### १.५.२ डेक्स रिभ्यू तथा दस्तावेज विश्लेषण

मिति २०८१ पौष २५ र २६ गते कार्यदल तथा लैससास विज्ञको सहकार्यमा गाउँपालिकाका विभिन्न दस्तावेजहरू–जस्तै वार्षिक नीति तथा कार्यक्रम, आवधिक योजना, वार्षिक प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन, विकास बुलेटिन, प्रोफाइल तथा विभिन्न समयमा भएका निर्णयहरू–लाई लैससास दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरिएको थियो । यस प्रक्रियाले पालिकाको संस्थागत अवस्था बुझ्न आधार प्रदान गऱ्यो ।

### १.५.३ सहभागितामूलक कार्यशाला र अभिमुखीकरण

लैससास परीक्षणलाई संस्थागत स्व-लेखाजोखाको प्रक्रियाका रूपमा अघि बढाउँदै पालिकाका सम्पूर्ण कर्मचारी, पदाधिकारी तथा सम्बन्धित सरोकारवालालाई लैससासको अवधारणा, परीक्षणको आवश्यकता, महत्व तथा यसले दिगो विकासमा पार्ने सकारात्मक प्रभावबारे छलफलमार्फत स्पष्ट पारियो । दुई दिने कार्यशालामा सहभागीहरूलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई पाँचवटा मुख्य शीर्षकमध्ये एक-एक शीर्षकमा छलफल गर्न लगाइयो ।

### १.५.४ सूचकका आधारमा मूल्याङ्कन र अंकभार निर्धारण

छलफलबाट प्राप्त निष्कर्षलाई समूहगत रूपमा प्रस्तुत गराई सबै सहभागीबीच साझा छलफल गरियो। स्थानीय तहको संस्थागत लेखाजोखा नीति, कानुन तथा योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा

क्षमता विकास, सेवा प्रवाह, तथा सुशासन तथा उत्तरदायित्व गरी पाँचवटा मुख्य विषयअन्तर्गतका २२ वटा सहायक विषय र १०० वटा सूचकका आधारमा गरिएको थियो । प्रत्येक सूचकमा अवस्था राम्रो देखिएमा १ अंक, मध्यम देखिएमा ०.५ अंक र सुधार गर्नुपर्ने वा कुनै काम नै नभएको अवस्थामा ० अंक प्रदान गर्ने विधि अपनाइयो ।

### १.५.५ नतिजा प्रस्तुति, स्व-मूल्याङ्कन र कार्ययोजना तर्जुमा

प्राप्त अंकहरूलाई पाँचवटा मुख्य शीर्षक तथा तिनअन्तर्गतका सहायक सूचकका आधारमा माकुरोको जालो (Spider Web) विधिबाट प्रस्तुत गरी स्व-मूल्याङ्कन गरियो। सो प्रस्तुतीकरणबाट पहिचान भएका राम्रा पक्षलाई निरन्तरता दिने तथा कमजोर पक्षहरूलाई सुधार गर्ने उद्देश्यले आगामी दिनमा गाउँपालिकाले प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्न सक्ने गरी लैससास विकासका लागि कार्ययोजना समेत तयार गरिएको छ । यसरी, सुनकोशी गाउँपालिकामा लैससास परीक्षण प्रक्रिया कार्यविधि, २०७७ अनुरूप सहभागितामूलक, तथ्यमा आधारित र संस्थागत स्व-लेखाजोखाको अभ्यासका रूपमा व्यवस्थित ढङ्गले सम्पन्न गरिएको छ ।

## १.६ लैससास परिक्षणका बिधि तथा औजारहरु

परीक्षण कार्यलाई व्यवहारिक, वस्तुपरक र सहभागीमूलक बनाउन सुनकोशी गाउँपालिकाले निम्न विधि तथा औजारहरूको प्रयोग गरेको छ । यी विधिहरूको कानुनी आधार नेपालका प्रचलित कानूनहरू– नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, र अन्य सम्बन्धित ऐन तथा कानुन– मा आधारित छन् ।

**प्रमुख विधि र औजारहरू:**

१) **दस्तावेज अध्ययन तथा डेक्स रिभ्यू (Desk Review):** पालिकाको नीति, योजना, बजेट, वार्षिक र आवधिक प्रतिवेदन, निर्णयहरू तथा अन्य सम्बद्ध दस्तावेजहरूको विश्लेषण ।

२) **कार्यशाला र गोष्ठी:** कर्मचारी, पदाधिकारी तथा सरोकारवालाहरूको सहभागीता सुनिश्चित गर्दै मुख्य विषयहरूमा समूहगत छलफल र अनुभव आदानप्रदान ।

३) **लक्षित समूहसँग छलफल:** महिला, दलित, आदिवासी, पिछडिएका समुदाय, अपाङ्गता भएका व्यक्ति लगायतको प्रत्यक्ष सहभागीता मार्फत जानकारी संकलन ।

४) **मुख्य जानकार व्यक्तिसँग साक्षात्कार/ अन्तरक्रियाः** नीति निर्माण, योजना कार्यान्वयन तथा सेवा प्रवाहसँग सम्बन्धित प्रमुख पदाधिकारी र विज्ञसँग अन्तरक्रिया ।

५) **प्रत्यक्ष अवलोकन तथा भेटघाटः** कार्यक्रम, सेवा प्रवाह, संरचना तथा स्थानीय विकास गतिविधिको स्थलगत अवलोकन ।

यी विधिहरू र औजारहरूले लैससास परीक्षणलाई तथ्यमा आधारित, सहभागीमूलक र संस्थागत दृष्टिले प्रभावकारी बनाउन सहयोग पुऱ्याएका छन् ।

## १.७ गाँउ पालिकाको परिचय

सुनकोशी गाउँपालिका वागमती प्रदेशको सिन्धुपाल्चोक जिल्लामा अवस्थित छ र वि.सं. २०७३ फागुन २७ गते साविक ठोकर्पा, कालिका, यमुनाडाँडा, सुनखानी, थुम्पाखर र पाङ्गेटार गाउँ विकास समितिहरूलाई समेट्दै देशका ७५३ स्थानीय तहमध्ये एकको रूपमा स्थापना गरिएको थियो । यस ऐतिहासिक संरचनागत परिवर्तनले स्थानीय प्रशासन र विकास कार्यको समन्वयमा नयाँ अवसर सिर्जना गरेको भए पनि, GESI दृष्टिले हेर्दा, स्थानिय तहमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने चुनौती अझै उल्लेख्य बाँकी छ ।

सुनकोशी गाउँपालिका ७२.८४ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ। यसको भौगोलिक अवस्थिति पूर्वमा त्रिपुरासुन्दरी र लिसङ्खुपाखर गाउँपालिका, पश्चिममा चौतारा साँगाचोकगढी नगरपालिका, उत्तरमा बलेफी गाउँपालिका र दक्षिणमा काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु तथा लिसङ्खुपाखर गाउँपालिका रहेको छ । यो भौगोलिक विविधता, दुर्गम क्षेत्र र पहुँचको अन्तरले सेवा वितरण र समावेशी विकास कार्यक्रमको कार्यान्वयनमा चुनौती सिर्जना गर्न सक्छ ।

गाउँपालिका ७ वटा वडामा विभाजित छ। साविक ठोकर्पा गा.वि.स. वडा नं. १ र २, कालिका, यमुनाडाँडा, सुनखानी, थुम्पाखर र पाङ्गेटार क्रमशः वडा नं. ३-७ बनेका छन् । यस प्रशासनिक संरचनाले वडास्तरमा समुदायगत विविधतालाई प्रतिनिधित्वमा समावेश गर्न अवसर प्रदान गर्छ, तर न्भक्ष दृष्टिले हरेक वडामा महिला, दलित, आदिवासी, अपाङ्गता भएका व्यक्तिहरू र सामाजिक रूपले पछाडि परेका समूहहरूको सहभागिता सुनिश्चित गर्न अझै प्रभावकारी निगरानी र उपकरणको आवश्यकता रहेको देखिन्छ ।

जनसंख्या संरचनामा कुल १५,१७६ बासिन्दा (७,३११ पुरुष, ७,८६५ महिला) रहेको छ । पुरुषको साक्षरता दर ७८.८ प्रतिशत र महिलाको ६४.३ प्रतिशत रहेको तथ्यांकले लैङ्गिक साक्षरता अवस्थामा भएको स्पष्ट

अन्तर देखाउँछ। यसले शिक्षा कार्यक्रम, क्षमता विकास, र सेवा प्रवाहमा महिलाहरूको पहुँचमा सम्भावित असमानताको संकेत दिन्छ।

जातीय विविधताका हिसाबले, क्षेत्री समुदाय सबैभन्दा ठूलो समूह (३९.२%) रहेको छ भने तामाङ (१६.५%), ब्राह्मण (९.७%), पहारी (९.५%), विश्वकर्मा (५.८%), मिजार (४.३%), माझी (३.७%), नेवार (२.९%), परियार (२.७%) र घर्ती/भुजेल (१.९%) रहेका छन्। यस जातीय संरचनाले सामाजिक समावेशीकरणका लागि लक्षित नीति र कार्यक्रमहरूको आवश्यकता पुष्टि गर्छ। दलित, आदिवासी, र अन्य पिछडिएका समुदायहरूका लागि समान पहुँच सुनिश्चित गर्ने उपायहरू लागू नगरेको खण्डमा, विकास कार्यक्रमहरूले मौलिक असमानतालाई निरन्तरता दिन सक्छ।

आर्थिक दृष्टिले, सुनकोशी गाउँपालिकाका बासिन्दाको प्रमुख आम्दानी कृषि र पशुपालनमा आधारित छ। कृषिमा आधारित अर्थतन्त्रले महिला र सामाजिक रूपमा पछाडि परेका समूहहरूको आर्थिक सशक्तिकरणमा सीधै असर पुऱ्याउँछ। GESI दृष्टिले, यी समुदायमा लक्षित प्रशिक्षण, स्रोत पहुँच, उत्पादन र बजार व्यवस्थापनमा समावेशी रणनीतिहरूको आवश्यकतालाई जोड दिनुपर्छ।

यस आधारमा, सुनकोशी गाउँपालिकामा GESI अडिटको लागि महत्वपूर्ण फोकस क्षेत्रहरू निम्न छन्:

- महिला र पिछडिएका समुदायहरूको प्रतिनिधित्व र निर्णय प्रक्रियामा सहभागिता।
- शिक्षा र साक्षरतामा लैङ्गिक अन्तर कम गर्ने कार्यक्रम।
- जातीय र सामाजिक रूपले पिछडिएका समूहहरूको सेवा र स्रोतमा पहुँच सुनिश्चित गर्नु।
- कृषि र आर्थिक कार्यक्रममार्फत सामाजिक समावेशीकरण र लैङ्गिक समानताको प्रवर्द्धन।

यो विश्लेषणले संकेत गर्दछ कि सुनकोशी गाउँपालिका GESI लक्षित नीतिहरू र कार्यक्रमहरू लागू गर्न अवसरहरू बोकेको छ, तर कार्यान्वयनमा स्थायित्व, निगरानी र संस्थागत अपनत्व अभावले प्रभावकारितामा चुनौती सिर्जना गर्न सक्छ।

## १.८ लैससास परिक्षणबाट प्राप्त उपलब्धिहरु

### १.८.१ लैससास सम्बन्धि सबल पक्ष कमजोर पक्ष अवसर र चुनौति (SWOT) बिश्लेषण

| मुख्य शीर्षक | सबल पक्ष (Strengths) | सुधार गर्नुपर्ने पक्ष (Weaknesses) | अवसर (Opportunities) | चुनौती (Threats) |
|---|---|---|---|---|
| **नीति, कानुन तथा योजना** | • बजेट तर्जुमा तथा कार्यान्वयनमा सबैको उपस्थिती।<br>• लक्षित समूहका कार्यक्रम वार्षिक योजना पुस्तिकामा समावेश।<br>• विभिन्न ऐन, नियम, कार्यविधि निर्माण। | • नीति/कार्यबिधि मस्यौदा तयार गर्दा लैससास सुझाव दिने कार्य टोली नबनाउनु।<br>• सभा/बैठकमा समावेशी उपस्थिती नहुनु।<br>• लैङ्गिक समानता र सामाजिक विभेद अन्त्य गर्ने नीति नबनाउनु। | • स्थानीय ऐन/नियममा लक्षित समूहको प्रतिनिधित्व सुनिश्चित गर्ने अवसर।<br>• नीति/योजना निर्माणमा लैससास दृष्टिकोण समावेश।<br>• सामाजिक विविधता बीच असमानता घटाउने अवसर। | • कानुन सम्बन्धि जानकारी नहुँदा कार्यान्वयनमा समस्या।<br>• बजेट पर्याप्त नहुँदा योजना दिगो नहुने।<br>• सामाजिक विवाद र योजना कार्यान्वयनमा चुनौती। |
| **संस्थागत व्यवस्था** | • महिला सहभागिता सुनिश्चित गर्न प्रारम्भिक प्रयास।<br>• सामाजिक शाखाले महिला/बालबालिका सम्बन्धि काम सञ्चालन।<br>• उपभोक्ता समिति लगायत समितिमा अनिवार्य महिला सहभागिता।<br>• वेबसाइट, ईमेल, फेसबुकको उपयोग। | • समानुपातिक प्रतिनिधित्वमा ध्यान कम।<br>• समावेशी कार्य टोली गठनमा कमी।<br>• नीति/योजना निर्माणमा लक्षित समूहको परामर्श कम। | • स्थानीय सरकारले कानुन बनाउने संवैधानिक अधिकार।<br>• महिला सहभागिता र लैससासको क्षमता विकास।<br>• बञ्चित समुदायको सहभागिता बढ्दो।<br>• वित्तीय निर्णयमा लक्षित समूहको ध्यान। | • दक्ष जनशक्तिको अभाव।<br>• स्रोत साधन सीमित।<br>• महिला सहभागिता जुटाउन कठिन।<br>• बहुसांस्कृतिक दक्षता बढाउन चुनौती। |
| **मानव संसाधन तथा क्षमता विकास** | • लैससास बजेट छुट्टै शीर्षकमा विनियोजन। | • नीति/कार्यक्रममा समावेश गरि नीतिगत सुधार नभएको।<br>• जनचेतनामूलक कार्यक्रम कम। | • पालिकाले स्वयं नियम बनाइ कर्मचारी क्षमता विकास गर्न सक्छ। | • आवश्यक मानव स्रोत तथा अन्य स्रोत सीमित। |

| | | | | |
|---|---|---|---|---|
| | • महिला र लक्षित समूहका पदाधिकारीको क्षमता अभिवृद्धि।<br>• समावेशी/लैङ्गिक मुद्दामा मानव स्रोत उपलब्ध। | • ऐन/नियमको जानकारी कम।<br>• लक्षित समूहका लागि कार्यक्रम पर्याप्त छैन। | • स्थानीय आवश्यकताहरू धेरै।<br>• महिला बालबालिका शाखा स्थापना र जिम्मेवारी।<br>• अन्तर्राष्ट्रिय घोषणापत्रसँग सामान्य अनुकूलता। | • लक्षित समूहको विकासमा प्रभावकारी कार्यान्वयन चुनौती। |
| **सेवा प्रवाह** | • लैङ्गिक मैत्री भवन र सौचालय निर्माण।<br>• विद्यालयमा सेनिटरी प्याड व्यवस्था।<br>• स्वास्थ्य सेवा र स्तनपान कक्ष उपलब्ध।<br>• सबै उमेरका बालबालिकाको विद्यालय भर्ना।<br>• पूर्वाधार विकासमा समिति गठन। | • प्राविधिक कर्मचारीको क्षमता विकास नभएको।<br>• जनशक्ति अभाव र स्रोत सीमित।<br>• प्रजनन् स्वास्थ्य जनचेतना कम।<br>• महिलाहरूको शिक्षा सहभागिता न्यून। | • बजेट व्यवस्थापन द्वारा सेवा विस्तार।<br>• शिक्षा र स्वास्थ्यमार्फत महिला सशक्तिकरण।<br>• खानेपानी, सरसफाई र बेरोजगार कार्यक्रम संचालन। | • यातायात, संचार र सूचना प्रविधि पहुँच कमजोर।<br>• प्रजनन् शिक्षा जनचेतना कम।<br>• आर्थिक नीति र बजेट सीमित।<br>• प्रशासनिक/राजनीतिक जटिलता। |
| **सुशासन तथा उत्तरदायित्व** | • महिला विरुद्ध हिंसा सम्बन्धी सचेतना।<br>• सामाजिक कुसंस्कार हटाउन कार्यक्रम।<br>• कानुन निर्माणद्वारा सेवा प्रवाह।<br>• समुदायको आवाज सम्बोधन।<br>• कार्यक्रम र आयोजनाको सार्वजनिकरण।<br>• संघ/प्रदेश नीति कार्यान्वयन। | • लक्षित समूहलाई अग्राधिकार नीति नल्याउनु।<br>• कर्मचारी आचार संहिता कार्यान्वयन नभएको।<br>• स्थानिय भाषामा सूचना नहुनु।<br>• अनुगमनबाट सिकेका पाठ योजना मा समावेश नभएको। | • विपद व्यवस्थापनमा महिला सहभागिता।<br>• लक्षित समूह केन्द्रित राहत वितरण।<br>• समावेशी बजेट/कार्यक्रम निर्माण।<br>• संचारका लागि रेडियो/छापा स्थापना।<br>• जनचेतना कार्यक्रम। | • स्रोत र बजेट अभाव।<br>• आवश्यक नीति तथा कार्यक्रमको कमी। |

### १.८.२ लैससास सुचकको अभ्यास तथा समुह छलफलबाट प्राप्त नतिजा

प्राप्त नीति, कार्यक्र, योजनाको अध्ययनबाट सँकलन गरिएका तथ्यहरू–जस्तै निरन्तर रूपमा लैससास परीक्षणको अभ्यास, कार्यशाला तथा डेक्स-रिभ्यु सञ्चालन, नीति तहमा उच्च प्रतिबद्धता, तर सेवा प्रवाह र संस्थागत व्यवहारमा अझै केही कमजोरी रहेको अवस्था–लाई आधार मानेर यस वर्षको सम्भावित तथा यथार्थपरक स्कोर प्रस्ताव गरिएको हो । यस मूल्याङ्कनमा अघिल्लो वर्षको कुल स्कोर ६९ लाई आधार मानी क्रमिक सुधार (incremental improvement) को सिद्धान्त अपनाइएको छ, जसले स्थानीय तहमा भइरहेको अभ्यास, प्रयास र सुधारका संकेतहरूलाई प्रतिबिम्बित गर्दछ ।

नीति, कानुन तथा योजना शीर्षक अन्तर्गत, नीति, योजना र बजेटमा लक्षित समूहका कार्यक्रमहरू निरन्तर रूपमा समावेश हुँदै आएको, नमुना कार्यविधि अनुसार लैससास परीक्षण गरिएको, तथा स्थानीय तहले आफ्नै कानुन बनाउने अधिकार प्रयोग गर्न थालेको सन्दर्भमा यस क्षेत्रमा मजबुत अवस्था देखिन्छ । अघिल्लो वर्ष १८ अंक प्राप्त भएको यस क्षेत्रमा यो वर्ष १८.५ अंक प्रस्ताव गरिएको छ । यद्यपि अभ्यास स्थिर र सुदृढ रहे पनि अझै लैससास केन्द्रित मस्यौदा समिति गठन नभएकाले पूर्ण २० अंक दिन उपयुक्त मानिएको छैन ।

संस्थागत विकासतर्फ हेर्दा, महिला सहभागिता सुनिश्चित गर्ने प्रयास, समिति तथा उपभोक्ता समितिमा प्रतिनिधित्व, र सामाजिक शाखाबाट महिला तथा बालबालिका सम्बन्धी विषय हेर्ने व्यवस्था निरन्तर रहनुले केही सकारात्मक सुधार देखिन्छ । अघिल्लो वर्ष १३.५ अंक रहेको यस क्षेत्रमा यो वर्ष १४.५ अंक प्रस्ताव गरिएको छ। संस्थागत अभ्यास क्रमशः बढ्दै गएको भए पनि समानुपातिक र अर्थपूर्ण प्रतिनिधित्व अझै कमजोर रहेकाले थप सुधार आवश्यक देखिन्छ ।

मानव संसाधन तथा क्षमता विकास क्षेत्रमा लैससासका लागि छुट्टै बजेट शीर्षक, क्षमता विकासका कार्यक्रम, तथा सम्बन्धित मानव स्रोत उपलब्ध भएको अवस्था निरन्तर रहनुले सकारात्मक संकेत दिएको छ । यस आधारमा अघिल्लो वर्षको १४ अंकलाई बढाएर यो वर्ष १५ अंक प्रस्ताव गरिएको छ । तर, जनचेतनामूलक कार्यक्रम र कानुनी साक्षरता विस्तार अझै सीमित रहेकाले यस क्षेत्रमा पनि थप प्रयास आवश्यक देखिन्छ ।

सेवा प्रवाह शीर्षक अन्तर्गत, केही भवन तथा शौचालयहरू लैङ्गिकमैत्री निर्माण हुनु, विद्यालयमा सेनिटरी प्याडको व्यवस्था, र स्वास्थ्य सेवामा पहुँच विस्तार जस्ता सकारात्मक पक्ष भए तापनि सेवा तहमा अझै

असमानता देखिने अवस्था कायमै छ । त्यसैले अघिल्लो वर्षको १० अंकबाट यस वर्ष ११ अंक प्रस्ताव गरिएको छ । सानो सुधार देखिए पनि यो क्षेत्र अझै सबैभन्दा कमजोर रहेको निष्कर्षमा पुगिन्छ ।

सुशासन तथा उत्तरदायित्वतर्फ, सार्वजनिक सुनुवाइ गर्ने अभ्यास, वार्षिक कार्यक्रम तथा आयोजनाहरू सार्वजनिक गर्ने व्यवस्था, र महिला विरुद्धको हिंसा सम्बन्धी सचेतना कार्यक्रम निरन्तर सञ्चालन हुनु सकारात्मक पक्ष हुन् । यस आधारमा अघिल्लो वर्ष १३.५ अंक रहेको यस क्षेत्रमा यो वर्ष १४ अंक प्रस्ताव गरिएको छ । पारदर्शिता बढ्दो भए तापनि अनुगमनबाट प्राप्त सिकाइलाई योजनामा व्यवस्थित रूपमा समेट्ने अभ्यास अझै कमजोर रहेको देखिन्छ ।

| **१.८.२ लैससास सुचकको अभ्यास तथा समुह छलफलबाट प्राप्त नतिजा** | | | | |
|---|---|---|---|---|
| **मुख्य विषय** | **पूर्णाक** | **प्राप्तांक** | **औचित्य** | **सत प्रतिशत कार्यसम्पादनका लागी मूख्य जिम्मेवारी** |
| १. नीति, कानुन तथा योजना | २० | १८.५ | नीति र योजना सुदृढ | योजना शाखा र कार्यपालिका सदस्य |
| २. संस्थागत विकास | २० | १४.५ | प्रतिनीधित्व सुधारोन्मुख | संपूर्ण कार्यपालिका र बिषयगत शाखाहरु |
| ३. मानव संसाधन | २० | १५ | क्षमता विकास बढ्दो | कार्यपालिका सदस्य एवं बिषयगत शाखा |
| ४. सेवा प्रवाह | २० | ११ | सेवा पहुँच असमान | प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुख एवं जनप्रतिनिधिहरु |
| ५. सुशासन तथा उत्तरदायित्व | २० | १४ | परदर्शिता मध्यम | प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुख एवं जनप्रतिनिधिहरु |
| **जम्मा** | **१००** | **७३** | **समग्र प्रगति सकारात्मक** | |

### १.८.३ गत वर्ष र यस वर्षको नतिजामा तुलना

तालिकामा प्रस्तुत गरिएको विवरणले सुनकोशी गाउँपालिकामा लैससास (न्भक्ष) मूलप्रवाहीकरणको अवस्था क्रमिक, सन्तुलित र सकारात्मक दिशातर्फ उन्मुख रहेको देखाउँछ । विषयगत रूपमा हेर्दा, सबै पाँचै क्षेत्रहरूमा अघिल्लो वर्षको तुलनामा सुधार देखिनु स्थानीय तहको नीति-प्रतिबद्धता, संस्थागत अभ्यास र क्षमता विकास प्रयासहरूको परिणामका रूपमा बुझ्न सकिन्छ ।

नीति, कानुन तथा योजना क्षेत्रमा १८ बाट १८.५ अंकमा सानो वृद्धि हुनु भनेको नीति तर्जुमा, योजना निर्माण र बजेट प्रक्रियामा लक्षित समूहलाई समेट्ने अभ्यास निरन्तर र स्थिर भएको संकेत हो । यसले नीति तहमा लैससास संस्थागत भइसकेको अवस्थालाई पुष्टि गर्दछ, यद्यपि संरचित समीक्षा संयन्त्र (जस्तै लैससास मस्यौदा समिति) नहुँदा सुधारको गति सीमित देखिन्छ ।

संस्थागत विकास क्षेत्रमा १३.५ बाट १४ मा सुधार हुनु भनेको समिति तथा संरचनामा महिला सहभागिता, सामाजिक शाखाबाट लक्षित समूह हेर्ने व्यवस्था र संस्थागत अभ्यासहरू विस्तार हुँदै गएको प्रमाण हो । तर समानुपातिक तथा अर्थपूर्ण प्रतिनिधित्व अझै कमजोर रहेकोले यस क्षेत्रमा सुधारको ठूलो सम्भावना कायम छ ।

मानव संसाधन तथा क्षमता विकास क्षेत्रमा १४ बाट १४.५ अंक पुग्नुले लैससासका लागि छुट्टै बजेट, तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन हुने क्रम बढ्दै गएको देखाउँछ । यसले दीर्घकालीन रूपमा संस्थागत व्यवहार परिवर्तन गर्न सहयोग गर्नेछ, तर जनचेतना र कानुनी साक्षरतामा अझै थप लगानी आवश्यक देखिन्छ ।

**१.८.३ गत वर्ष र यस वर्षको नतिजामा तुलना**

| क्र.सं. | विषयगत क्षेत्र | पुर्णाकं | हालको अंक | गत बर्षको अंक | फरक | नतिजा |
|---|---|---|---|---|---|---|
| १. | नीति कानुन र योजना | २० | १८.५ | १८ | ०.५ | बढेको |
| २. | संस्थागत व्यवस्था | २० | १४ | १३.५ | ०.५ | बढेको |
| ३. | मानव संसाधन तथा क्षमता विकास | २० | १४.५ | १४ | ०.५ | बढेको |
| ४. | सेवा प्रवाह | २० | १०.५ | १० | ०.५ | बढेको |
| ५. | सुशासन तथा उत्तरदायित्व | २० | १४ | १३.५ | ०.५ | बढेको |
| | जम्मा | १०० | **७१.५** | ६९ | ४ | बढेको |


सेवा प्रवाह क्षेत्रमा १० बाट १०.५ अंकमा मात्र सुधार हुनु यो क्षेत्र अझै सबैभन्दा चुनौतीपूर्ण रहेको स्पष्ट संकेत हो । यद्यपि केही लैङ्गिकमैत्री पूर्वाधार र सामाजिक सेवा विस्तार भएका छन्, सेवा पहुँचमा असमानता, जनशक्ति अभाव र स्रोतको कमीका कारण अपेक्षित सुधार हुन सकेको छैन ।

सुशासन तथा उत्तरदायित्व क्षेत्रमा १३.५ बाट १४ अंकमा वृद्धि हुनु पारदर्शिता, सार्वजनिक सुनुवाई र सूचना प्रवाहका अभ्यासहरू मजबुत हुँदै गएको सूचक हो । तर अनुगमनबाट प्राप्त सिकाइलाई योजनामा समेट्ने र लक्षित समूहको प्रत्यक्ष प्रतिक्रिया समावेश गर्ने अभ्यास कमजोर नै रहेको देखिन्छ ।

समग्रमा, कुल स्कोर ६९ बाट ७१.५ पुग्नुले सुनकोशी गाउँपालिकामा लैससास अभ्यास स्थिरताबाट सुधारतर्फको चरणमा रहेको देखाउँछ । अबको प्राथमिकता नीति तहमा कायम रहेको प्रतिबद्धतालाई सेवा प्रवाह र व्यवहारगत तहमा रूपान्तरण गर्ने, विशेष गरी सेवा प्रवाह र संस्थागत प्रतिनिधित्वमा केन्द्रित सुधार गर्नु पर्ने देखिन्छ ।


### १.८.४ लैससास सुचकको माकुरी जालो बाट नतिजा बिष्लेषण


**लैससास परिक्षणको माकुरी जालो बिधिबाट नतिजा प्रस्तुत :** सुनकोशी गाउँपालिका ले लैससास सम्वन्धी सुचकको अभ्यासमा प्राप्त गरेको अंकलाई यहाँ सारांशमा माकुरी जालोमा प्रस्तुत गरिएको छ ।





### १.८.५ लैससास परिक्षणबाट प्राप्त नतिजा (स्तम्भचित्र)


लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण मा पाँचवटा बिषयबस्तुले प्राप्त गरेको अंकभार लाई बिषयगत आधारमा Bar Chart मा तल प्रस्तुत गरियको छ ।




सुशासन तथा उत्तरदायीत्व
२०
१४
४
२.५
४
३
४
२.५
४
३
४
३
२०
१८
१६
१४
१२
१०
८
६
४
२
०
सुशासन तथा उत्तरदायीत्व
सुशासन
उत्तरदायित्व र जवाफदेहीता
सुचना तथा संचार
अनुगमन तथा मुल्याङ्कन
समन्वय र सम्बन्ध बिस्तार
सूचकको अंक
प्राप्ताँक


मानव संशाधन तथा क्षमता विकास
२०
१४
८
४
४
३
४
४
४
३
२०
१८
१६
१४
१२
१०
८
६
४
२
०
मानव शंसाधन तथा क्षमता विकास
मानव संशासन तथा क्षमता विकास
अनौपचारिक मुल्य मान्यता र कु संस्कार बिरुद्ध जनचेतना
कानुनी साक्षरता
बिपद व्यवस्थापनमा समाबेशीता र सहभागिता
सूचकको अंक
प्राप्ताँक




## १.८.६ लैससास परिक्षणमा दस्तावेज अध्ययन पश्चात प्राप्त नतिजा :

क) समग्र बजेट प्रवृत्तिले स्पष्ट रूपमा दुई फरक दिशा देखाउँछ। आ.व. ०७९/०८० देखि ०८१/०८२ सम्म सशर्त बाहेकको कुल बजेट निरन्तर रूपमा वृद्धि भएको छ। पहिलो वर्ष रु. १५,६६,१५,००० रहेको बजेट दोस्रो वर्षमा उल्लेखनीय रूपमा बढेर रु. २३,१९,२६,००० पुगेको छ, जुन करिब ४८ प्रतिशतको वृद्धि हो। त्यसपछि तेस्रो वर्षमा पनि बजेट वृद्धि हुँदै रु. २६,६६,१६,३५० पुगेको देखिन्छ, जसले करिब १५ प्रतिशत थप वृद्धि जनाउँछ। यसले समग्र वित्तीय स्रोत विस्तार भइरहेको र बजेट क्षमता बढ्दै गएको संकेत गर्दछ।

तर, लक्षित वर्ग उत्थान बजेटको प्रवृत्ति यससँग विपरीत देखिन्छ। आ.व. ०७९/०८० मा रु. ५७,६३,९७५ रहेको यो बजेट दोस्रो वर्षमा घटेर रु. ३०,००,००० मा झरेको छ, जुन करिब ४८ प्रतिशतको गिरावट हो। त्यसपछि तेस्रो वर्षमा पनि यो थप घट्दै रु. २८,००,००० मा पुगेको छ। यसले लक्षित कार्यक्रमहरूमा निरन्तर रूपमा बजेट कटौती हुँदै गएको स्पष्ट देखाउँछ।

यसैगरी, कुल बजेटमा लक्षित वर्गको हिस्सेदारी पनि तीव्र रूपमा घटेको छ । आ.व. ०७९/०८० मा ३.६८ प्रतिशत रहेको यो हिस्सा आ.व. ०८०/०८१ मा १.२९ प्रतिशतमा झरेको छ र आ.व. ०८१/०८२ मा १.०५ प्रतिशतमा सीमित भएको छ । समग्र बजेट बढ्दै गए पनि लक्षित समूहका लागि विनियोजित अंश निरन्तर घट्नुले नीति प्राथमिकतामा परिवर्तन भएको संकेत गर्दछ ।

समग्रमा हेर्दा, बजेट विस्तार भइरहेको भए पनि लक्षित वर्ग उत्थानका लागि छुट्याइएको स्रोत भने घट्दो क्रममा रहेको देखिन्छ। यसले समावेशी विकास र समानता केन्द्रित कार्यक्रमप्रतिको बजेटीय प्राथमिकता कमजोर हुँदै गएको स्पष्ट चित्र प्रस्तुत गर्छ।

| क सं | बिबरण | आ.व.०७९/०८० | आ.व.०८०/०८१ | आ.व.०८१/०८२ |
|---|---|---|---|---|
| १ | सशर्त बाहेकको कुल बजेट | १५,६६,१५,००० | २३,१९,२६,००० | २६,६६,१६,३५० |
| २ | लक्षित वर्ग उत्थान बजेट | ५७,६३,९७५ | ३०,००,००० | २८,००,०००/ |
| ३ | प्रतिशत | ३.६८ | १.२९ | १.०५ |

**ख) गाउँपालिकाले गठन गर्ने उपभोक्ता समितिहरुमा महिलाहरुको प्रतिनिधित्व :**

गाउँपालिकामा संचालन भएका सम्पुर्ण योजना अर्न्तगत गठित उपभोक्ता समितिहरको पदाधिकारीहरुको समाबेशी बिश्लेषण तपशिलमा रहेका छन् :

| आ.व. | उपभोक्ता समिति | पदाधिकारी संख्या | महिला पदाधिकारी संख्या | महिला अध्यक्ष संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| २०८०/०८१ | ३०८ | २१५७ | १०९५ | २३ | ५०.९० |
| २०८१/०८२ | ३५८ | २५०६ | ११८५ | ४२ | ४९ |

## १.९ लैगिंक समानता तथा सामाजिक समाबेशीकरण विकास कार्ययोजना

| मुल शिर्षक | प्राप्तांक | अवस्था सुधारको लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप संचालन गर्ने जिम्मेवारी | समय | थप दायित्व |
|---|---|---|---|---|---|
| नीति, कानुन तथा योजना (२०) | १८.५ | कानुनमा समावेशीकरण सुनिश्चित गर्नु; योजना तर्जुमा गर्दा लक्षित समूह सहभागीता बढाउने; महिला र वञ्चित वर्गको हितमा नीति निर्माण गर्नु; रैथाने/आप्रवासी कामदारका लागि भेदभाव रोक्ने प्रावधान लागू गर्नु | योजना शाखा, कार्यपालिका सदस्य | १ वर्ष | नपर्ने |
| नीति कानुनमा समावेशिता/सहभागिता (८) | ६.५ | समावेशी मस्यौदा समितिको स्थापना | प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा | १ वर्ष | नपर्ने |
| योजना तर्जुमा तथा कार्यान्वयन (८) | ८ | लक्षित समूहको सहभागिता सुचक निर्माण र क्षमता विकास | योजना शाखा | १ वर्ष | नपर्ने |
| बजेट तर्जुमा तथा कार्यान्वयन (४) | ४ | लक्षित वर्ग केन्द्रित बजेट निर्माण | योजना शाखा | १ वर्ष | नपर्ने |
| संस्थागत व्यवस्था (२०) | १४ | खण्डीकृत तथ्याङ्क विश्लेषण; कर्मचारी छनोटमा लक्षित वर्ग प्राथमिकता; लैससास डेक्स स्थापना; लक्षित वर्गका लागि छुट्टै नीति र बजेट निर्माण | सम्पूर्ण कार्यपालिका, सम्बन्धित शाखा | १ वर्ष | पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| कर्मचारी/पदाधिकारी प्रतिनिधित्व (४) | ३ | समानुपातिक प्रतिनिधित्व सुनिश्चित | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| कार्यप्रणालीमा समावेशिता (४) | २.५ | समावेशी प्रक्रिया अभिवृद्धि | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| समिति/उपसमिति/कार्यदल प्रतिनिधित्व (४) | २.५ | लक्षित समूहको सहभागिता सुनिश्चित | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| वित्त व्यवस्थापनमा समावेशिता (४) | २.५ | लक्षित समूह बजेटमा समावेश | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| तथ्यांक संकलन/व्यवस्थापन (४) | ३ | लक्षित समूह डेटा संकलन | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| मानव संसाधन तथा क्षमता विकास (२०) | १५ | अभिमुखिकरण कार्यक्रम; हिंसा मुक्त/बालमैत्री कार्यक्रम; छुट्टै बजेट शीर्षक; कोष व्यवस्थापन; सूचना प्रवाह | कार्यपालिका, लैससास शाखा | १ वर्ष | पर्ने |
| मानव संसाधन (८) | ४ | कर्मचारी/पदाधिकारी क्षमता अभिवृद्धि | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| अनौपचारिक मूल्य, कु-संस्कार विरुद्ध जनचेतना (४) | ३ | समुदायमा जनचेतना कार्यक्रम | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| कानुनी साक्षरता (४) | ४ | कानून सम्बन्धी जानकारी अभिवृद्धि | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| विपद व्यवस्थापनमा समावेशिता (४) | ३ | लक्षित वर्ग केन्द्रित राहत/सुरक्षा | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| सेवा प्रवाह (२०) | ११ | लैङ्गिक/अपाङ्गता मैत्री पूर्वाधार; सामाजिक समावेशी बजेट; स्वास्थ्य/शिक्षा/स्वरोजगार कार्यक्रम | कार्यपालिका, सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| पूर्वाधार विकास (४) | १.५ | लैङ्गिक/अपाङ्गता मैत्री संरचना | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| प्रजनन स्वास्थ्य (४) | २.५ | स्वास्थ्य बजेट/कार्यक्रम निर्माण | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| शिक्षा कार्यक्रम (४) | ४ | लक्षित समूहको शिक्षा सुनिश्चित | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| खानेपानी/सरसफाइ (४) | ०.५ | लैङ्गिक समावेशी योजना निर्माण | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| स्वरोजगार/आय आर्जन/बजार व्यवस्थापन (४) | १.५ | स्वरोजगार कार्यक्रम समन्वय र बजेट | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| सुशासन तथा उत्तरदायित्व (२०) | १४ | अपाङ्गता मैत्री सेवा; आचार संहिता कार्यान्वयन; अन्तर-सरकारी समन्वय; सार्वजनिक सुनुवाइ; अनुगमन | कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, सूचना शाखा | १ वर्ष | पर्ने |
| सुशासन (२.५) | २.५ | पारदर्शिता/अनुगमन सुनिश्चित | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| उत्तरदायित्व/जवाफदेहिता (३) | ३ | सामाजिक जवाफदेहिता सुनिश्चित | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| सूचना/संचार (२.५) | २.५ | लक्षित समूहमा जानकारी प्रवाह | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| अनुगमन/मूल्याङ्कन (२.५) | २.५ | कार्यक्रम प्रभाव मूल्याङ्कन | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |
| समन्वय/सम्बन्ध विस्तार (३) | ३ | स्थानीय/अन्तर सरकार समन्वय | सम्बन्धित शाखा | १ वर्ष | पर्ने |

## १.१० निश्कर्ष तथा सुझावहरु

### १.१०.१ निश्कर्ष

समग्रमा, लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास)को दृष्टिले सुनकोशी गाउँपालिकाको अवस्था संतोषजनक देखिन्छ । सामाजिक विकास शाखाले निरन्तर लैससास परिक्षण, कार्यशाला, डेक्स-रिभ्यु, नीति-तहमा उच्च प्रतिबद्धता र प्रत्यक्ष अवलोकनको माध्यमबाट पालिकामा लागू भएका कानून, नीति, मापदण्ड, योजना र निर्णयहरूमा लैससास सम्बन्धी प्रावधानहरूको खोजी गरेको थियो ।

यस्ता प्रावधानहरूलाई आधार बनाएर, पालिकाले लैससासको सूचकहरूमा आधारित कार्यहरूको अभिमुखीकरण गराएको थियो । त्यसपछि पालिकामा गरिएका गतिविधिहरूको स्थिति छलफल गरेर सूचकका आधारमा कोडिङ गरिएको थियो, जुन माकुरी जालो (spider–web analysis) मार्फत पनि स्पष्ट गरिएको थियो । कोडिङबाट थाहा भएको छ कि कतिपय कार्यहरू अझै बाँकी छन् र ती कार्यहरूको जिम्मेवारी कस्को हुनेछ भन्ने स्पष्ट उल्लेख गरिएको छ ।

सारांशमा, गाउँपालिकाले नीति, योजना र कार्यक्रमहरूमा महिला तथा लक्षित वर्गलाई समेट्ने अभ्यास सुरु गरिसकेको छ । तथापि, यस क्षेत्रमा अझ सुधार आवश्यक छ। सत प्रतिशत नतिजा प्राप्त गर्न, गाउँपालिकाले स्तरीय लैससास रणनीतिक योजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आवश्यक छ ।

त्यसैगरी, सुशासन र उत्तरदायित्वको सन्दर्भमा, पालिकाले आफ्ना योजना, कार्यक्रम र बजेटको सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षण, संचार माध्यममार्फत सबै जनताको पहुँच सुनिश्चित गर्नुपर्ने देखिन्छ । साथै, अनुगमन समितिले कार्यक्रम र योजनाबाट लक्षित वर्गमा परेको असर र प्रभावको विश्लेषण गर्नको लागि स्पष्ट मापदण्ड तयार गर्नु आवश्यक छ। यसले नीतिगत सुधार, सेवा प्रवाहको समावेशिता र लक्षित समूहको सशक्तिकरणमा थप सुधार ल्याउनेछ ।

### १.१०.२ सुझावहरू

सुनकोशी गाउँपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) कार्यान्वयनमा थप प्रभावकारिता ल्याउनका लागि तलका सुझावहरू प्रस्तुत छन् । यी सुझावहरू गत वर्षको अनुभव, परिक्षण, दस्तावेज अध्ययन, लक्षित समूह छलफल र सुचकहरूको आधारमा तयार गरिएको हुन् ।

१. **परिक्षण र समयसीमा सुनिश्चित गर्नु:** प्रत्येक आर्थिक वर्षको पहिलो चौमासिक भित्र लैससास मूल्याङ्कन सम्पन्न गर्ने । यसले रणनीतिक योजना र कार्यक्रम कार्यान्वयनलाई नियमित र सुसंगठित बनाउँछ ।

२. **समावेशी उत्तरदायित्वको स्पष्टता:** लैससास केवल महिला तथा बालबालिका विकास शाखाको जिम्मेवारी होईन । सबै विषयगत शाखाले आफ्ना कार्यक्रमहरूमा लैससास मुख्यधारा ( mainstreaming) मा समावेश गर्नुपर्छ ।

३. **संवेदनशीलता र क्षमता अभिवृद्धि:** पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरूलाई लैससास सम्बन्धी प्रशिक्षण, जागरूकता र अभिमुखिकरण प्रदान गर्नु । यसले नीति, योजना र कार्यक्रम कार्यान्वयनको गुणस्तर सुधार्छ ।

४. **लक्षित समूहको सशक्त सहभागिता:** नीति र योजना निर्माणको प्रारम्भिक चरणदेखि नै महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक/यौन अल्पसंख्यक सक्रिय सहभागी हुनुपर्छ ।

५. **स्थानीय स्तरमा समावेशी संरचना विकास:** योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका सबै चरणमा वस्तीस्तरबाट लैससास संयन्त्र निर्माण । यसले स्थानीय आवश्यकता अनुसार लक्षित वर्गको पहुँच सुनिश्चित गर्दछ ।

६. **स्रोत र अवसरको पहुँच:** महिला, पिछडिएका वर्ग र सिमान्तकृत समुदायलाई स्वरोजगार, आयआर्जन, व्यवसाय, कृषि र बजारमा पहुँच, सीप र प्रविधि उपलब्ध गराउने । यसले आर्थिक सशक्तिकरण र निर्णय प्रक्रियामा सहभागिता बढाउँछ ।

७. **बजेट र नीति कार्यान्वयन:** उपप्रमुख र कार्यपालिका सदस्यहरूले लैससास शीर्षकमा विनियोजित बजेटको प्रभावकारी प्रयोग सुनिश्चित गर्ने । कानुनी साक्षरता अभिवृद्धि गर्न र लागू कानुनको अभिमुखिकरण तथा प्रचार-प्रसार अनिवार्य बनाउने ।

### १.१०.३ तत्काल प्राथमिक कार्यहरू:

- यौनजन्य दुर्व्यवहार रोकथामका लागि आचारसंहिता विकास ।
- योजना र आयोजना अनुगमन कार्यविधि तथा ढाँचामा लैससास सूचक समावेश ।
- नीति तथा योजनामा लैससास विश्लेषण र सुझाव प्रणाली स्थापना ।

- अपाङ्गता भेटघाट कक्षको व्यवस्थापन, सुरक्षा अभिमुखिकरण कार्यक्रम र पालिका भवन/सार्वजनिक संरचनामा स्तनपान कक्ष निर्माण ।
- लक्षित समूहमा आधारित शैक्षिक सहयोग, स्वास्थ्य र स्वरोजगार कार्यक्रममा समावेशिता सुनिश्चित ।

### १.१०.४ अनुगमन र मूल्याङ्कनको प्रणाली:

- प्रत्येक योजना र कार्यक्रमबाट लक्षित समूहमा परेको प्रभाव र परिणामको स्पष्ट मूल्याङ्कन।
- सुधार आवश्यक क्षेत्र पहिचान गरी भविष्यका नीति र कार्यक्रममा समायोजन।

## २ अनुसुचिहरु

पालिकाको लैगिंक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणमासंग सम्बन्धित नतिजाको मुल्याांकन फारम, सहभागि उपस्थिति र फोटोहरुलाई अनुसुचिको रुपमा लिपिवद्ध गरिएको छ ।

**२.१ मुल्याङ्कन फारम र नतिजा**

**२.२ कार्यक्रमका फोटोहरु**

**२.३ सहभागि उपस्थिति विवरण**

## अनुसूची २.१: मुल्याङ्कन फारम र नतिजा

**स्थानीय तह लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण कार्यविधि, २०७७**

**सुनकोशी गा.पा २०८१ साल पौष २५ र २६**

**१. नीति कानुन तथा योजना : अङ्कभार (२०)**

**१.१ नीति र कानूनमा समावेशिता सहभागिता अङ्कभार (८)**

| क्र सं | सुचकहरु | अङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यादेशमा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे नगरेको | ०–१ | १ | |
| २ | स्थानीय सरकारले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरे - नगरेको | ०–१ | १ | |
| ३ | स्थानीय सरकारको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी कुराहरू समावेश भए - नभएको | ०–१ | १ | |
| ४ | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन - छैन ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको ? | ०–१ | १ | |
| ५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेको समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ - छैन ? | ०–१ | ०.५ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिँसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए - नमिलाएको | ०–१ | १ | |
| ७ | महिला र पुरूषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहे - नरहेको | ०–१ | १ | |
| ८ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे - नरहेको | ०–१ | ० | |
| जम्मा | | | ६.५ | |
| **१.२.योजना तजूमा तथा कार्यान्वयन -अङ्कभार** (८) | | | | |
| ९ | आवधिक योजना र वार्षिक योजना तथा कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश गरिएको छ - छैन ? | ०.५ | १ | |
| १० | गाउँपालिका/नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका, तथा बञ्चितीकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे - नगरेको | ०.५ | १ | |
| ११ | स्थानीय सरकारको योजना सूची लक्षित समूहहरूको सक्रीय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेका योजना प्राथमिकीकरणमा पर्ने गरे - नगरेको (योजना तर्जुमा गर्दा गाउँ, वस्तीस्तरबाट आएका योजना कार्यकमहरुलाई समेटे नसमेटेको परीक्षण) | १ | १ | |
| १२ | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समूहहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए - नभएको ? | ०–१ | १ | |
| १३ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए -नगरिएको (तयारी प्रतिवेदन) | ०–१ | १ | |

| | | | | |
|---|---|---|---|---|
| १४ | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी  सो अनुसारको बजेट विनियोजन हुने गरे - नगरेको | ०–१ | १ | |
| १५ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी  बने - नबनेको | ०–१ | १ | |
| १६ | स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भए - नभएको र मुख्य कार्यकारी पदमध्ये कुनै एकमा जिम्मेवारी दिए - नदिएको | ०–१ | १ | |
| **जम्मा** | | | **८** | |
| **१.३. बजेट तर्जूमा तथा कार्यान्वयन (अङ्कभार (४)** | | | | |
| १७ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका अपाङ्ग जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या केलाउने (विश्लेषण गर्ने) गरिए -नगरिएको ? | ०–१ | १ | |
| १८ | स्थानीय सरकारका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण  नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए - नगरिएको ? | ०–१ | १ | |
| १९ | परिक्षण पश्चात  लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए - नगरिएको ? | ०–१ | १ | |
| २० | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितका कार्यक्रममा समयैमा खर्च गरिए - नगरिएको ? (बजेट तथा कार्यकमबीच भिडान) | ०–१ | १ | |
| **जम्मा** | | | **३.५** | |
| **सुचक १ को कुल जम्मा** | | | **१८.५** | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| **२. संस्थागत व्यवस्था : अङ्कभार (२०)**<br>**२.१. कर्मचारी पदाधिकारी प्रतिनिधित्व – अङ्कभार (४)** | | | | |
| **२१** | स्थानीय सरकारको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरूको समानरुपमा ( ५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ -छैन ? | **०–१** | **०.५** | |
| **२२** | स्थानीय सरकारका कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरूको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ - छैन ? | **०–१** | **१** | |
| **२३** | स्थानीय सरकारले महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्वन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको -नगरेको ? | **०–१** | **१** | |
| **२४** | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुने गरी र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक विभेदको नीति लिएको - नलिएको | **०–१** | **०.५** | |
| **जम्मा** | | | **३** | |
| **२.२. कार्यप्रणालीमा समावेशिता – अङ्कभार (४)** | | | | |
| २५ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ - छैन ? | **०–१** | **१** | |
| २६ | स्थानीय सरकारमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ छैन ? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिए। नगरिएको) | **०–१** | **०** | |

| | | | | |
|---|---|---|---|---|
| २७ | स्थानीय सरकारबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाब महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ - छैन ? | ०–१ | ०.५ | |
| २८ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजाना सम्वन्धी छलफल समावेशी भए नभएको अनुगमन गरे - नगरेको | ०–१ | १ | |
| **जम्मा** | | | **२.५** | |
| **२.३. समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व – अङ्कभार** (४) | | | | |
| **२९** | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे - नरहेको ? | ०–१ | १ | |
| **३०** | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफल तथा निर्णय निर्माणमा स्वस्थ ढंगले भागलिन पाए - नपाएको ? | ०–१ | ०.५ | |
| **३१** | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्वन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे -नगरेको ? | ०–१ | ०.५ | |
| **३२** | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरे - नगरेको ? | ०–१ | ०.५ | |
| **जम्मा** | | | **२.५** | |
| **२.४. वित्त व्यवस्थापन प्रणालीमा समावेशिता – अङ्कभार** (४) | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | स्थानीय तहमा महिला विकास, लैङ्गिक हिँसा बिरूद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि लागि बार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना गरिएको - नगरिएको ? | ०–१ | ०.५ | |
| ३४ | के आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वजेटको व्यवस्था भएको छ ? उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | ०–१ | ०.५ | |
| ३५ | के स्थानीय सरकारमा लैङ्गिक डेस्कको विकासको र आवश्यक मानवीय श्रोतहरु लागि वजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको  छ ? | ०–१ | ०.५ | |
| ३६ | स्थानीय सरकारले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे - नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्वन्धी सूचना दिने वा नदिने गरेको । | ०–१ | १ | |
| **जम्मा** | | | २.५ | |
| **२.५. तथ्यांक संकलन तथा व्यवस्थापन – अङ्कभार (४)** | | | | |
| ३७ | के स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना।तथ्याँक संकलन तथा अध्यावधिक गर्ने गरेको छ ? (लिङ्ग, उमेर, जात, र आर्थिक स्थिति आदि)(गाऊं /नगर प्रोफाईल) | ०–१ | १ | |
| ३८ | स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना।तथ्याँक संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरे -नगरेको (गाऊं/नगर प्रोफाईल) | ०–१ | ०.५ | |
| ३९ | के स्थानीय सरकारले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको छ ? | ०–१ | १ | |
| ४० | स्थानीय सरकारले आफ्नो क्षेत्रका सामाजिक सुरक्षा पाउनेहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याँक अध्यावधिक गर्ने गरे - नगरेको ? | ०–१ | १ | |
| **जम्मा** | | | ३ | |

| | | | | |
|---|---|---|---|---|
| **नं.२ को कूल जम्मा** | | | **१४** | |
| **३. मानव शंसाधन तथा क्षमता विकास – अङ्कभार (२०)**<br>**३.१. मानव संशासन तथा क्षमता विकास – अङ्कभार (८)** | | | | |
| **४१** | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे नगरेको र छुट्टै शिर्षकमा बजेट विनियोजन भए । नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भइ कार्यान्वयनमा आए - नआएको ? | **०–१** | **१** | |
| **४२** | स्थानीय सरकारका पदाधिकारी/कमर्चारीहरूले लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंशा सम्बन्धी तालिम लिएका छन वा छैनन र तालिम कार्यकममा लक्षित समूह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको थियो वा थिएन ? | **०–१** | **१** | |
| **४३** | तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ - छैन ? | **०–१** | **०.५** | |
| **४४** | महिला तथा लक्षित समुहका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू ( प्राबिधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) छन - छैनन ? सो अनुसारको वजेट विनियोजन गरिएको छ - छैन ? | **०–१** | **०.५** | |
| **४५** | के स्थानीय सरकारमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन ? (विषयगत तालिम प्राप्त जनशक्ति संख्या) | **०–१** | **१** | |
| **४६** | के स्थानीय सरकारमा मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइको व्यवस्था छ ? | **०–१** | **१** | |
| **४७** | महिला र वन्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे नरहेको र कार्यान्वयन भए नभएको । (संचालित तालिम कार्यकम संख्या र उपस्थिति) | **०–१** | **०** | |

| | | | | |
|---|---|---|---|---|
| ४८ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका बाह्रवटा प्रतिवद्दताहरूका बारेमा स्थानीय सरकारका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएकोछ ? (कार्यकम संख्या र उपस्थिति) | ०–१ | ० | |
| **जम्मा** | | | ४ | |
| **३.२. अनौपचारिक मुल्य मान्यता र कु संस्कार बिरुद्ध जनचेतना – अङ्कभार (४)** | | | | |
| ४९ | महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ (कार्यकम संख्या र उपस्थिति) | ०–१ | १ | |
| ५० | लैङ्गिक हिँसारहित गाऊ /नगरपालिका घोषणा गरेको छ (घोषणा गरेको मिति) र महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ (घटेका घटना संख्या र लिइएका निर्णय) | ०–१ | ० | |
| ५१ | स्थानीय सरकारले महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू संचालन गर्ने गरेको छ ? ( कार्यकम संख्या र उपस्थिति तथा निर्णय पुस्तिका) | ०–१ | १ | |
| ५२ | के स्थानीय सरकारले समाजमा रहेका विभिन्न कुसंस्कार जस्तै (जातिगत छुवाछुत, छाउपडी, बाल विवाह, बहु विवाह, दाइजो, आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरू संचालन गर्ने गरेको छ ( कार्यकम संख्या र उपस्थिति) | ०–१ | १ | |
| **जम्मा** | | | ३ | |
| **३.३. कानुनी साक्षरता – अङ्कभार (४)** | | | | |
| ५३ | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरू र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, पालिकाले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको बारेमा अभिमुखीकरण गर्ने गरे - नगरेको ? | ०–१ | १ | |

| | | | | |
|---|---|---|---|---|
| ५४ | स्थानीय तहका कार्यपालिका सदस्यहरू, सभाका सदस्यहरू र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरूलाई कानूनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समाधान गर्नु पर्ने मूल समस्या तथा सवाल लगायत मुख्य बिषयवस्तुका सम्वन्धमा समय समयमा अभिमुखीकरण गर्ने गरे - नगरेको ? | ०–१ | १ | |
| ५५ | के महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालित भएका छन ? (जस्तैः कानूनी हक अधिकार, एकल महिला र मानव बेचविखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिँसा बिरूद्धका कार्यक्रम आदिबारे अनुशिक्षण) | ०–१ | १ | |
| ५६ | महिलाहरूको लागि संचालित कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालनबाट के उनीहरु लाभान्वित भएका छन ? (जस्तैः कानूनी हक अधिकार, एकल महिला, चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिँसा बिरूद्धका कार्यक्रम आदिबारे अनुशिक्षण र यसको असर) | ०–१ | १ | |
| **जम्मा** | | | ४ | |
| **३.४. बिपद ब्यवस्थापनमा समाबेशीता – अङ्कभार (४)** | | | | |
| ५७ | स्थानीय सरकारले विपद व्यवस्थापन सम्वन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायसँग परामर्स गरे । नगरेको र यस्ता दस्ताबेजमा सिमान्तीकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान रहे - नरहेको ? | ०–१ | १ | |
| ५८ | स्थानीयस्तरको विपद सम्वन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरे - नगरेको ? | ०–१ | ० | |

| | | | | |
|---|---|---|---|---|
| ५९ | समुदायमा आधारित विपद व्यवस्थापन सम्वन्धी कार्यगर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरूलाई पहिलो प्राथमिकतामा राखी गर्ने गरे - नगरेको ? | ०–१ | १ | |
| ६० | विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरे - नगरेको ? | ०–१ | १ | |
| **जम्मा** | | | **३** | |
| **३ नंको कुल जम्मा** | | | **१५** | |
| **४. सेवा प्रवाह – अङ्कभार (२०)**<br>**४.१. पुर्वाधार विकास– अङ्कभार (४)** | | | | |
| ६१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजायन, लगत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल र अपाङ्ग मैत्री र संबेदनशील संरंचनाको प्रावधान सहित हुने गरे - नगरेको | ०–१ | ०.५ | |
| ६२ | स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्वन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ - छैन ? | ०–१ | ०.५ | |
| ६३ | स्थानीय तहले १५०० वर्गफिटभन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्वन्धी नक्सा स्वीकृत गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ - छैन ? | ०–१ | ० | |

| | | | | |
|---|---|---|---|---|
| ६४ | स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी परंपरागत तथा आधुनिक उर्जा (जन विद्युत, विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरू रहे - नरहेको ? | **०–१** | **०.५** | |
| **जम्मा** | | | **१.५** | |
| **४.२. प्रजनन स्वास्थ्य – अङ्कभार** (४) | | | | |
| **६५** | गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी बार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्वन्धी नीति र कार्यक्रम समावेश भए - नभएको ? | **०–१** | **०** | |
| **६६** | स्थानीय तहको कार्यालय, अस्पाताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिकस्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था र सो को व्यवस्थापन गरिएको छ - छैन ? | **०–१** | **१** | |
| **६७** | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गरिएका छन ? | **०–१** | **१** | |
| **६८** | महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए - नभएको ? | **०–१** | **०.५** | |
| **जम्मा** | | | **२.५** | |
| **४.३. शिक्षा कार्यक्रम – अङ्कभार** (४) | | | | |
| **६९** | स्थानीय तहले आफ्नो पालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाए - नमिलाएको ? | **०–१** | **१** | |
| **७०** | स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरणमा परेका समूदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउन छात्रबृत्तिको व्यवस्था गरी निश्पक्ष वितरण हुने प्रवन्ध मिलाए - नमिलाएको ? | **०–१** | **१** | |

| | | | | |
|---|---|---|---|---|
| ७१ | निराक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालित भए - नभएका ? (जस्तैः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि ) (कार्यकम संख्या र पटक तथा सहभागी संख्या) | ०–१ | १ | |
| ७२ | विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किशोरी छात्राको लागी प्याड र यौन शिक्षा तथा सहजीकरण कार्यक्रम संचालन हुने गरे - नगरेको ? | ०–१ | १ | |
| **जम्मा** | | | ४ | |
| **४.४. खानेपानी तथा सरसफाइ – अङ्कभार (४)** | | | | |
| ७३ | गाउँपालिका/नगरपालिकामा सफा पिउने पानी, सफासँग हात धुने व्यवस्था, महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था, र स्यानीटाइजरको उपयोग गर्ने प्रवन्ध भए - नभएको | ०–१ | ०.५ | |
| ७४ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रीय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौंडामा पोखरी, टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे - नगरेको ? | ०–१ | ० | |
| ७५ | कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसा बाली तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबुद्धि कार्यक्रम सञ्चालन हुने गरे - नगरेको ? | ०–१ | ० | |
| ७६ | महिलाहरू बढीमात्रामा संलग्न हुने कार्यमा सफापानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रीय सहभागितामा आकासेपानी संकलन र भण्डारण, परंपरागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन हुने गरे - नगरेको | ०–१ | ०.५ | |
| **जम्मा** | | | १ | |
| **४.५.स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन – अङ्कभार (४)** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७७ | स्थानीय सरकारकोयोजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने र बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ - छैन ? | ०–१ | १ | |
| ७८ | स्थानीय सरकारले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा बञ्चितिकरणमा परेको समुदायको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरे । नगरेको (कार्यकम संख्या र उपस्थिति) | ०–१ | ० | |
| ७९ | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने गरे । नगरेको ? (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी सुचकाँक) | ०–१ | ० | |
| ८० | गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए - नभएको ? | ०–१ | १ | |
| **जम्मा** | | | १.५ | |
| **नं.४ को कूल जम्मा** | | | १० | |
| **५. सुशासन तथा उत्तरदायीत्व – अङ्कभार** (२०)<br>**५.१. सुशासन – अङ्कभार** (४) | | | | |
| ८१ | स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका बिषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी सोही कानून बमोजिम सम्बन्धित अधिकारी बाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको ? | ०–१ | १ | |
| ८२ | स्थानीय तहले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकार जस्ता नीति कार्यान्वयनमा ल्याए - नल्याएको ? | ०–१ | ०.५ | |

| | | | | |
|---|---|---|---|---|
| ८३ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको छ ? (कार्यकम संख्या र उपस्थिति) | ०–१ | ०.५ | |
| ८४ | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयैमा सम्पन्न गरेको छ ? | ०–१ | १ | |
| **जम्मा** | | | ३ | |
| **५.२. उत्तरदायित्व र जवाफदेहीता – अङ्कभार** (४) | | | | |
| ८५ | स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे - नगरेको | ०–१ | १ | |
| ८६ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बन्चितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे - नगरेको ? | ०–१ | १ | |
| ८७ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बन्चितिकरणमा परेका व्यक्ति तथा समुदायको तर्फबाट स्थानीय सरकारले लिएको नीति तथा कार्यकम र सो को कार्यान्वयका विषयमा आवाज उठ्ने गरे - नगरेको र यसरी उठेका प्रश्न उपर स्थानीय सरकारबाट सम्बोधन हुने गरे - नगरेको ? | ०–१ | १ | |
| ८८ | स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए - नल्याएको ? | ०–१ | ० | |
| **जम्मा** | | | ३ | |
| **५.३. सूचना तथा संचार (अङ्कभार** (४) | | | | |
| ८९ | स्थानीय सरकारले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे । नगरेको र महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका | ०–१ | १ | |

| | | | | |
|---|---|---|---|---|
| | व्यक्तिहरू, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरे - नगरेको ? | | | |
| ९० | स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे - नगरेको ? | ०–१ | ० | |
| ९१ | के स्थानीय सरकारले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | ०–१ | ०.५ | |
| ९२ | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको छ -आधार तथ्याँकसँग समेत तुलना गर्न सकिने) | ०–१ | १ | |
| **जम्मा** | | | २.५ | |
| **५.४. अनुगमन तथा मुल्याङ्कन – अङ्कभार (४)** | | | | |
| ९३ | के कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्वन्धित समुदायले पूरा लाभ लिन सकेको छ ? | ०–१ | ०.५ | |
| ९४ | स्थानीय सरकारले संचालन गरेका कार्यकमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | ०–१ | ० | |
| ९५ | स्थानीय सरकारको समीक्षा बैठकमा महिला, बालबालिका, सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेका छ ? | ०–१ | १ | |
| ९६ | अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | १ | |
| **जम्मा** | | | २.५ | |
| **५.५. समन्वय र सम्बन्ध बिस्तार – अङ्कभार (४)** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९७ | स्थानीय तहले संघ र प्रदेश सरकारहरूले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरे - नगरेको | ०–१ | १ | |
| ९८ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल बनी कार्यगत छलफल तथा यस क्षेत्रको विकासको लागि नियमितरुपमा कार्य हुने गरे - नगरेको ? | ०–१ | ०.५ | |
| ९९ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र ( संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने गरे - नगरेको | ०–१ | १ | |
| १०० | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरूद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे - नगरेको ? | ०–१ | ०.५ | |
| **जम्मा** | | | **३** | |
| **५ नं को जम्मा** | | | **१४** | |
| **कुल जम्मा** | | | **७३** | |

## अनुसूची २.२: कार्यक्रमका फोटोहरु





